**छलफलका निर्णयहरु:**

**निर्णय नं. १**

कोरोना भाइरस Covid-19को संभावित संक्रमणको जोखिम न्यूनीकरण, रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा जिल्ला भित्र भए गरेका क्रियाकलापहरुको समिक्षाका साथै यस भन्दा अगाडीका बैठकको निर्णयहरु कार्यान्वयनको समेत समिक्षा गरियो । साथै कोभिड- १९ को संक्रमणबाट यस गोरखा जिल्ला गोरखा नगरपालिका वडा नं. १३ निवासी काजी भुजेलको उपचारको क्रममा भरतपुर अस्पतालमा मिति २०७७।०५।१२ गते असमायिक निधन भएको हुदाँ निज प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा समवेदना प्रकट गर्ने र उपचाररत संक्रमित सवैको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

गोरखा जिल्लामा मिति २०७७।०५।०१ देखि २०७७।०५।१४ गतेसम्म गरिएको निषेधाज्ञा, छिमेकी जिल्लाहरुमा देखिएको बढ्दो संक्रमण, जिल्लाको वर्तमान अवस्थालाई मध्येनजर गर्दै जिल्लामा निम्नानुसारको गतिविधिलाई स्वास्थ्य सुरक्षाको मापदण्ड कडाइका साथ पालना गर्ने गराउने गरी देहाय अनुसार गर्ने ।

**देहाय:**

| सि. नं. | बिषय बस्तु | गरिने गतिविधि | कार्य गर्ने जिम्मेवारी | समन्वय र अनुगमन गर्ने | अनुगमन तथा प्रतिवेदन लिने |
|---|---|---|---|---|---|
| १. | सीमा नाका कडाईलाई निरन्तरता | अभिलेख राख्ने, यात्रुको विवरण राख्ने सवारी साधनको लगत राख्ने | सम्बन्धित स्थानीय तह, नेपाल प्रहरी र सशस्त्र प्रहरी | जिल्ला सुरक्षा समिति | जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |
| २. | बजार सञ्चालन | व्युटी पार्लर, सैलुन, जिमखाना , फिल्म हल, कवड हल, होटल तथा रेष्टुरेन्ट बाहेकका पसलहरु सञ्चालन गर्ने | उद्योग बाणिज्य संघ, चेम्बर अफ कमर्स, बस्तुगत संघ संगठनहरु | जिल्ला प्रहरी कार्यालय, गोरखा | जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |
| ३. | निजी सवारी साधन संचालन | जिल्लाभित्र व्यक्तिगत/ कार्यालय प्रयोजनको लागि रातो प्लेटका सवारी साधन चल्ने, भाडा लिएर कोही व्यक्ति ओसार पोसार गर्न नपाउने । | सम्बन्धित सवारी धनी | जिल्ला प्रहरी तथा ट्राफिक प्रहरी कार्यालय | जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |
| ४. | पि. सि. आर. टेष्ट नियमित गर्ने | नमूना संकलन कार्य बढाउने | सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखा र स्वास्थ्य कार्यलय, गोरखा अस्पताल | स्वास्थ्य कार्यलय, गोरखा अस्पताल | जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |
| ५. | आइसोलेशन व्यवस्थापन | पोजेटिभ केस देखिएकालाई आइसोलेसन सेन्टरमा राख्ने | गोरखा अस्पताल, सम्बन्धित स्थानीय तह | गोरखा अस्पताल राजनीतिक दलहरु | जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |
| ६. | सार्वजनिक सेवा प्रवाह | आवश्यक सेवाहरु संचालन गर्ने । | स्थानीय तह, सम्बन्धित कार्यालय प्रमुख तथा सवै कार्यालयहरु | जिल्ला प्रशासन कार्यालय, सम्बन्धित स्थानीय तह | जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | बैंक तथा वित्तीय संस्था | वित्तीय सेवा सञ्चालन | सम्वन्धित वित्तीय संस्था | सम्बन्धित संस्था | जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |
| ८. | उद्योग तथा कलकारखाना | व्यवसाय सञ्चालन, सामाग्री उत्पादन | सम्बन्धित उत्पादन / कम्पनी | सम्बन्धित संस्था, घरेलु तथा साना उद्योग कार्यालय | जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |
| ९. | अन्तर जिल्ला ढुवानी सेवा संचालन | निर्माण सामाग्री,पशुपंक्षी दाना, पशु चौपाय, खाद्यान्न, फलफुल तथा तरकारी, मल, औषधी लगायतका अत्यावश्यक बस्तु र विरामी वोकेको सवारीहरु | स्वयम् सवारी साधनधनीहरु | नेपाल प्रहरी, ट्राफिक प्रहरी | जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |
| १०. | स्वास्थ्य सुरक्षा मापदण्ड कार्यान्वयन | माक्सलगाउने, स्यानिटाइजर प्रयोग गर्ने, भौतिक दुरी कायमं गर्ने र अन्य मापदण्ड पालना गर्ने | सबै नागरीक , संघसंस्था, सबै राजनीतिक दल, स्थानीय तह, सबै कार्यालयहरु | नेपाल प्रहरी , ट्राफिक प्रहरी, सवै निकायहरु | जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |
| ११ | सार्वजनिक यातयात संचालन | अर्को व्यवस्था नभएसम्मको लागि संचालन नहुने। | सम्बन्धित यातायात व्यवसायी | नेपाल प्रहरी , ट्राफिक प्रहरी, | जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |

**निर्णय नं. ३**

कोरोना भाइरस कोभिड- १९ को संभावित संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनलाई मध्येनजर गर्दै बढी भिडभाड हुने कार्यालयहरु जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालयबाट प्रवाह हुने आवश्यक सेवाहरु अर्को व्यवस्था नभएसम्मको लागि अत्यावश्यक र विशेष परिस्थितिमा बाहेक सामान्य अवस्थामा देहाय बमोजिमको व्यवस्था मिलाउने।

**सेवा प्रवाह हुने बार तथा पालिकागत विवरण**

| दिन/ बार | नगरपालिका | गाउँपालिका | कैफियत |
|---|---|---|---|
| आइतबार/ सोमबार | गोरखा नगरपालिका | भिमसेनथापा/शहिदलखन/धार्चे गाँउपालिका | |
| मंगलबार | गोरखा नगरपालिका | सिरानचोक /अजिरकोट /धार्चे गाउँपालिका | |
| बुधवार | पालुङटार नगरपालिका | सिरानचोक/अजिरकोट/बारपाक सुलिकोट/चुमनुब्री गाउँपालिका | |
| विहिवार | पालुङटार नगरपालिका | आरुघाट /गण्डकी/बारपाक सुलिकोट गाउँपालिका | |
| शुक्रवार | पालुङटार नगरपालिका | आरुघाट /गण्डकी गाउँपालिका | |

साथै अन्य सरकारी कार्यालयहरुले समेत स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण पालना गर्ने गरी आवश्यक सेवा प्रवाह गर्ने ।

**निर्णय नं. ४**

गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको चलानी नम्बर ५२८, मिति २०७७।०५।०७ गतेको पत्रमार्फत नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०५।१४ को बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा लेखि आए बमोजिम सो को प्रभावकारी कार्यान्वयनको लागि देहाय अनुसारको व्यवस्था मिलाउने।

क) कोरोना संक्रमितको संख्या उच्च भएको जिल्ला तथा क्षेत्रबाट आवात- जावतलाई नियन्त्रण गर्ने, अत्यावश्यक अवस्थामा आवात- जावत गर्दा अनिवार्य रुपमा मास्क लगाउने, सामाजिक दुरी कायम गर्ने, स्यानीटाइजरको प्रयोग गर्ने जस्ता जनस्वास्थ्यका मापदण्ड, सुरक्षा मापदण्ड तथा प्रोटोकलहरुको अनिवार्य रुपमा पालना गर्ने गराउने व्यवस्था मिलाउने।

**ख)** अत्यावश्यक सेवासंग सम्बन्धित अति जरुरी पेसा, व्यवसाय संचालन गर्दा मास्क लगाउने, सामाजिक दुरी कायम गर्ने, स्यानीटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड, सुरक्षाका मापदण्ड र प्रोटोकलहरु अनिवार्य रुपमा पालना गर्ने गराउने।

**ग)** संभाव्य संक्रमित व्यक्ति, समूह, समुदाय, क्षेत्र तथा स्थानमा PCR परिक्षणको कार्यलाई थप प्रभावकारी बनाउने व्यवस्था मिलाउन जिल्लाका सवै स्थानीय तहहरुलाई अनुरोध गर्ने।

**निर्णय नं. ५**

सदरमुकाम लगायत जिल्लाका विभिन्न स्थानमा आकस्मिक रुपमा लक्षण देखिएका कोभिड - १९ संभावित संक्रमित व्यक्तिहरुको तत्काल PCR विधिबाट नियमित रुपमा स्वाव संकलन गर्ने व्यवस्था मिलाउन गोरखा अस्पताल, गोरखालाई लेखि पठाउने।

**निर्णय नं. ६**

कोरोना भाइरस कोभिड- १९ को संक्रमण, नियन्त्रण, रोकथाम र व्यवस्थापनका सन्दर्भमा समग्र जिल्लाको स्थिति सामान्य राख्न सवैले समन्वयत्मक कार्य गर्ने।